# प्रेस विज्ञप्ति

कान्तिपुर राष्ट्रिय दैनिकको बुधबार २६ जेठ अर्थ वाणिज्य पृष्ठमा "फास्ट ट्र्याकलाई यस बर्ष बजेट छैन" शीर्षकमा प्रकाशित समाचार सामग्रीप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

काठमाडौं निजगढ द्रुतमार्गको दूरगामी महत्वलाई आत्मसात् गर्दै नेपाल सरकारबाट उच्च प्राथमिकता दिई नेपाल सरकारको आ.व. २०७३/०७४ को नीति तथा कार्यक्रमको बुँदा ५९ मा " काठमाडौं-निजगढ द्रुतमार्ग नेपाल सरकारको लगानीमा आगामी आर्थिक बर्षदेखि शुरु गरिनेछ" उल्लेख भएको एवं आर्थिक बर्ष २०७३/०७४ को बजेट बक्तव्यको बुँदा नं. ५५ मा "नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने चिरप्रतीक्षित काठमाडौं-निजगढ द्रुतमार्गको निर्माण कार्य आगामी आर्थिक बर्षदेखि प्रारम्भ गरिनेछ । यसको अङ्गको रुपमा बुधुने-हेटौडा द्रुतमार्ग निर्माण गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु.१० अर्ब बजेट विनियोजन गरेको छु । आयोजना कार्यान्वयनको लागि आवश्यक प्राविधिक जनशक्तिसहितको विशिष्टीकृत आयोजना कार्यालय स्थापना गरिनेछ । आयोजनाको अनुगमन र सहजीकरण गर्न विशेष संयन्त्र निर्माण गरिनेछ । आयोजना सम्पन्न गर्नको लागि आवश्यक स्रोत साधनको अभाव नहुने व्यवस्था मिलाएको छु" उल्लेख भएको छ ।

काठमाडौं-निजगढ द्रुतमार्गकै अङ्गको रुपमा बुधुने-हेटौडा सडक समेत रहेको सन्दर्भमा द्रुतमार्ग र बुधुने-हेटौडा खण्ड पाँचबर्ष भित्र सम्पन्न गर्ने लक्ष्यसहित तत्कालको लागि रु.१० अर्ब विनियोजन भएको र आवश्यकता अनुसार थप बजेट समेत उपलब्ध हुने प्रत्याभूति गरिएको छ ।

यसरी नेपाल सरकारबाट उच्च प्राथमिकता प्राप्त द्रुतमार्ग निर्माणको कार्यलाई तोकिएको समयमा कार्यान्वयन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय प्रतिबद्ध रहेको सन्दर्भमा बजेट नभएको जस्तो तथ्यहीन र भ्रामक समाचार प्रकाशन हुनु र यसै मन्त्रालयमा लामो समयसम्म काम गरी अवकाशप्राप्त पदाधकारीहरुले समेत मन्त्रालयको कार्यान्वयन क्षमताको बारेमा नकारात्मक सन्देश संप्रेषण गरेकोमा मन्त्रालय खेद प्रकट गर्दछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०७३/२/२६